आज मिति २०७८ वैशाख १७ गतेका दिन नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री जीवन प्रसाद दुलालज्यूको अध्यक्षतामा बसेको जिल्ला विपद व्यवस्थापन समिति (DDMC) को बैठकमा देहायको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो।

विशेष आमन्त्रित:

१. माननीय प्रतिनिधिसभा सदस्य श्री हित बहादुर तामाङ
२. माननीय प्रतिनिधिसभा सदस्य श्री नारायण प्रसाद खतिवडा
३. माननीय प्रतिनिधिसभा सदस्य श्री बहादुर सिंह लामा
४. श्री सन्तमान तामाङ, प्रमुख, जिल्ला समन्वय समिति नुवाकोट

उपस्थिति:

१. श्री जीवन प्रसाद दुलाल, प्रमुख जिल्ला अधिकारी -अध्यक्ष
२. श्री सञ्जु पण्डित, प्रमुख, विदुर नगरपालिका -सदस्य
३. श्री राजेन्द्ररमण खनाल, प्रमुख, बेलकोटगढी नगरपालिका -सदस्य
४. श्री मान बहादुर लामा तामाङ, अध्यक्ष, ककनी गाउँपालिका -सदस्य
५. श्री छत्र बहादुर लामा, अध्यक्ष, किस्पाङ गाउँपालिका -सदस्य
६. श्री नारायण प्रसाद पाण्डे, अध्यक्ष, तादी गाउँपालिका -सदस्य
७. श्री रमेश बस्ती, अध्यक्ष, तारकेश्वर गाउँपालिका -सदस्य
८. श्री गोविन्द्रसिंह तामाङ, अध्यक्ष, दुप्चेश्वर गाउँपालिका -सदस्य
९. श्री तेज बहादुर लामा, अध्यक्ष, पन्चकन्या गाउँपालिका -सदस्य
१०. श्री आशा तामाङ, अध्यक्ष, म्यागङ गाउँपालिका -सदस्य
११. श्री ध्रुव कुमार श्रेष्ठ, अध्यक्ष, लिखु गाउँपालिका -सदस्य
१२. श्री रामकृष्ण थापा, अध्यक्ष, शिवपुरी गाउँपालिका -सदस्य
१३. श्री सन्तबहादुर घले, अध्यक्ष, सूर्यगढी गाउँपालिका -सदस्य
१४. श्री मोहन प्रसाद मरासिनी, जिल्ला समन्वय अधिकारी -सदस्य
१५. प्रमुख सेनानी श्री उदय बहादुर लामिछाने, श्री जबरजंग गण -सदस्य
१६. प्रमुख सेनानी श्री बाल मुकुन्द बिष्ट, नं १ तालिम गण त्रिशुली -सदस्य
१७. प्र.उ.श्री तुलबहादुर कार्की, जिल्ला प्रहरी कार्यालय -सदस्य
१८. स.प्र.ना.उ.श्री मदन डुङ्गाना, स.प्र.बल नेपाल नं १९ गुल्म -सदस्य
१९. प्र.अ.अ. श्री हेमन्त चौधरी, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय -सदस्य
२०. श्री सागर प्रसाद घिमिरे, व.जनस्वास्थ्य प्रशासक, स्वास्थ्य कार्यालय -सदस्य
२१. डा. श्री दीपेन्द्र पाण्डे, मे.सु., त्रिशूली अस्पताल -सदस्य
२२. श्री नारायणदत्त भण्डारी, गल्छी त्रिशूली मैलुङ स्याफ्रुबेशी रसुवागढी सडक आयोजना -सदस्य
२३. श्री अर्जुन बहादुर श्रेष्ठ, प्रमुख, शिक्षा विकास तथा समन्वय इकाई -सदस्य
२४. श्री मधुसुदन थापा, नेपाल रेडक्रस सोसाइटी नुवाकोट शाखा -सदस्य
२५. श्री मीन कुमार के सी, गैर सरकारी महासंघ नुवाकोट -सदस्य
२६. श्री कपिलदेव खनाल, अध्यक्ष, पत्रकार महासंघ नुवाकोट -सदस्य
२७. श्री तारावहादुर कार्की, अध्यक्ष, उद्योग वाणिज्य संघ नुवाकोट -सदस्य प्रतिनिधि २ जोड [illegible] २४
२८. श्री वेदप्रसाद अर्याल, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय -सदस्य सचिव
२९. ई. सिताराम कुइकेल - गल्छी त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडक योजना
३०. रामहरी पाण्डे - ने.क.पा
३१. [illegible]

एजेण्डाहरु

- समीक्षा
- कोभिड १९ को रोकथाम तथा नियन्त्रण
- मनसुन पूर्वतयारी
- खर्चको अनुमोदन
- विविध

निर्णय

१. जिल्ला विपद व्यवस्थापन समितिको पछिल्लो बैठकको निर्णयको कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो। विपद व्यवस्थापनको क्षेत्रमा हालसम्म भएका कार्यहरू सन्तोषजनक रहेको पाइयो। साथै विपद पीडितहरूलाई घटनास्थलमा नै पुगी समन्वयात्मक रुपमा राहत उपलब्ध गराउने कार्यलाई थप प्रभावकारी बनाउने निर्णय गरियो।

२. कोभिड-१९ संक्रमण रोकथाम नियन्त्रण तथा उपचार समेतका कार्यहरुका लागि स्थानीय वडा एवं टोल समितिहरुको भूमिका प्रभावकारी हुने भएकोले यस अघि गठन भएको Dedicated Team तथा कोरोना रोकथाम समूह (CPG) मार्फत कोभिड-१९ बाट संक्रमित भई नेपाल सरकारको स्वीकृत मापदण्ड बमोजिम होम आइसोलेसनमा बसेका व्यक्तिहरुलाई स्वास्थ्य परामर्श उपलब्ध गराउने, स्वास्थ्य अवस्थाको निगरानी गर्ने, थप उपचार आवश्यक पर्ने भएमा अस्पताल लैजाने र स्वास्थ्य मापदण्डको पालना गराउने। यस कार्यमा विपद तथा स्वास्थ्य क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी, निजी सबै निकाय तथा संघसंस्थाहरु समेत एकीकृत रुपमा परिचालित हुने र सो कार्यको स्थानीय तह तथा जिल्ला प्रहरी कार्यालय मार्फत प्रभावकारी रुपमा अनुगमन गर्ने।

३. हालैका दिनमा कोभिड-१९ को नयाँ भेरियन्टको महामारी बढ्दै गएकोले आइसोलेशन सेन्टरहरू अभाव हुन सक्ने अवस्थातर्फ सचेत हुँदै गृह मन्त्रालयको च.नं.३०९१ मिति २०७८/०१/११ को परिपत्रानुसार यस जिल्लामा विगतमा सञ्चालनमा आएका आइसोलेशन सेन्टरहरू पुनः सञ्चालनको लागि सबै स्थानीय तहले व्यवस्था मिलाउने।

४. जिल्लास्थित सबै सुरक्षा निकायहरू, स्थानीय तह, सबै सार्वजनिक सेवा प्रदायक कार्यालयहरू, नेपाल रेडक्रस सोसाइटी, NGOs लगायतका निकायहरूले समन्वय गरी कोभिड-१९ को महामारी, सुख्खा याममा हुने आगलागी तथा मनसुनी वर्षाको समयमा हुनसक्ने संभावित जोखिम न्यूनीकरणका लागि आफूसँग भएको स्रोत र साधन तत्काल परिचालन हुनसक्ने गरी तयारी अवस्थामा राख्ने।

५. कोभिड-१९को संक्रमण रोकथामका लागि अपनाइनुपर्ने विशेष स्वास्थ्य सतर्कता सम्बन्धी कार्यहरु सम्बन्धी सचेतनामूलक प्रचार प्रसार सामग्री स्वास्थ्य कार्यालयले तयार गरी स्थानीय संचार माध्यमहरु मार्फत प्रचार प्रसारको व्यवस्था मिलाउने। सम्पूर्ण स्थानीय तहहरूले समेत स्थानीय भाषामा सोही प्रकारको सामग्री तयार गरी आ-आफ्नो क्षेत्रमा उपयुक्त माध्यमद्वारा प्रचार प्रसार गरी जनचेतना अभिबृद्धि गर्ने। यस कार्यमा जिल्लास्थित मानवीय सहयोगका काममा कार्यरत गै.स.स.हरुले समेत आवश्यक सहयोग उपलब्ध गराउने ।

६. कोभिड-१९ सँग सम्बन्धित स्वास्थ्य तथा सुरक्षाका मापदण्ड लगायत अन्य व्यवस्थाहरू पालना भए/नभएको सम्बन्धमा अनुगमन गर्दा स्वास्थ्य तथा सुरक्षाका मापदण्डको उल्लघंन भएको पाइएमा सम्बन्धित व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम कारवाही गर्ने।

७. जिल्लामा कोभिड-१९ संक्रमणको जोखिम रोकथाम तथा न्यूनीकरणका लागि जिल्ला भित्रिने मुख्य नाकाहरू (गुर्जे भञ्ज्याङ, शिवपुरी गा.पा., ककनी नाका, ककनी गा.पा. र कोल्पुटार, बेलकोटगढी न.पा.) मा स्वास्थ्य डेस्कको स्थापना गरी जिल्ला भित्रिनेहरूको कोभिड-१९ प्रोटोकल बमोजिम स्वास्थ्य परीक्षण (ज्वरो लगायत) गर्ने तथा यात्रुहरूको वैयक्तिक विवरणको अभिलेख राख्ने।सो कार्यका लागि सम्बन्धित स्थानीय तहले साधन, स्रोत र जनशक्तिको व्यवस्थापन गर्ने र जिल्ला प्रहरी कार्यालय नुवाकोटले आवश्यक सुरक्षा समन्वय गर्ने।

८. स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र को च.नं. १५५० मिति २०७८/०१/१६ को परिपत्रानुसार कोभिड-१९ को संक्रमण बढ्दै गएको वर्तमान सन्दर्भमा जुनसुकै निकायहरूबाट सञ्चालित एम्बुलेन्सहरू जिल्लाभित्र एकीकृत रुपमा परिचालन गरी सेवाग्राहीहरूलाई सहज हुने गरी ठाँउ अनुसार १०२ नम्बर वा प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र मार्फत सेवा प्रदान गर्ने व्यवस्थाका लागि स्वास्थ्य कार्यालय नुवाकोटले समन्वय गर्ने।

९. जिल्लाका सबै स्थानीय तहहरूले मनसुन प्रतिकार्य सम्बन्धी कार्य योजना बनाउने । उक्त कार्ययोजना अनुरुप सबै स्थानीय तहहरूले वर्षातको समयमा हुनसक्ने जोखिम न्यूनीकरण गर्न प्रभावकारी रुपमा कार्यन्वयन गर्ने गराउने ।

१०. बर्षातको समय नजिकिंदै गएको हुँदा बर्षातको समयमा हुनसक्ने सम्भावित विपद जोखिमको अवस्थालाई न्यूनीकरण गर्न अद्यावधिक गरिएको जिल्लास्तरको मनसुन आपतकालीन कार्ययोजना पारित गरी लागू गर्ने निर्णय गरियो ।साथै जिल्लास्तरीय विपद पूर्वतयारी तथा प्रतिकार्य योजना (Disaster Preparedness and Response Plan) सहायक प्रमुख जिल्ला अधिकारीको मार्गनिर्देशन बमोजिम अद्यावधिक गरी २०७८ असारको पहिलो हप्ता भित्रमा पेश गर्नको लागि नेपाल रेडक्रस सोसाईटी नुवाकोटलाई जिम्मा दिने।

११. बाढी पहिरो लगायका विपदको समयमा हुनसक्ने क्षतिको न्यूनीकरणका लागि आफ्नो क्षेत्रभित्रका स्थानान्तरण गर्नुपर्ने वस्तीहरूको पहिचान गर्ने, यकीन तथ्याङ्क संकलन गर्ने, बजेटको अनुमान गर्ने, स्रोत जुटाउने र सो बमोजिम वस्ती स्थानान्तरण गर्ने सम्बन्धमा प्रत्येक स्थानीय तहका स्थानीय विपद व्यवस्थापन समितिले वर्षायाम शुरु हुनु अगावै कार्ययोजना बनाई कार्यान्वयन गर्ने भनी पछिल्लो जिल्ला विपद व्यवस्थापन समितिको बैठकबाट भएको निर्णयको प्रभावकारी कार्यान्वयन गर्ने।

१२. मानवीय सहयोगको क्षेत्रमा कार्यरत तथा जिल्लाका विभिन्न विषयगत क्षेत्रमा आबद्ध संघ/संस्थाहरुले मनसुनी वर्षाको समयमा आवश्यक पर्न सक्ने मानवीय सहयोग सम्बन्धी सामग्रीहरु स्थानीय तहसँग समन्वय गरी तयारी अवस्थामा राख्ने तथा स्थानीय तहहरूमा आवश्यकता भएको बखत स्थानीय तह तथा जिल्ला विपद व्यवस्थापन समितिसँग समन्वय गरी उपलब्ध गराउने/ वितरणको व्यवस्था मिलाउने ।

१३. सम्भावित मनसुनी वर्षाबाट प्रभावित हुनसक्ने विपन्न समुदाय एवं वस्तीहरूको पहिचान गरी पहिचान भएका समुदाय एवं वस्तीहरूमा रहेका व्यक्ति एवं परिवारहरू मध्ये पनि अति विपन्न, संकटासन्नहरूको परिवारको सदस्य संख्या तथा घरमूलीको नामसमेत सम्बन्धित स्थानीय तहले स्थानीय प्रहरी र स्थानीय रेडक्रस सोसाइटीको समन्वयमा यकीन गरी विवरण अद्यावधिक गर्ने।

१४. जिल्ला विपद व्यवस्थापन कोषबाट जिल्लाका विभिन्न स्थानमा भएका विपदजन्य घटनाका पीडितहरूलाई मिति २०७७/०९/०१ देखि मिति २०७८/०१/१३ सम्ममा राहत स्वरुप उपलब्ध गराइएको जम्मा रकम रू ९५०४८।-अक्षरेपि रु. पन्चानब्बे हजार अठ्चालीस मात्र, विपद पीडित उद्धार तथा राहत सम्बन्धी(सातौं संशोधन) मापदण्ड २०७७ को दफा ३(ड) बमोजिम जिल्ला प्रशासन कार्यालयबाट स्वास्थ्य सामग्री खरिद गर्दा लागेको खर्च रु. २७०००।-अक्षरेपी रु. सत्ताइस हजार मात्र र उल्लिखित मिति भन्दा अघि सिरप्योङ तामाङलाई रु. २०००० अक्षरेपि रु. बीसहजार मात्र राहत वितरण भएको तर यस अघिको बैठकबाट अनुमोदन हुन छुट भएकोलाई अनुमोदन गर्ने।

१५. वर्षातको समयमा ज्येष्ठ नागरिकहरू,विरामीहरू, बालबालिकहरू, सुत्केरी तथा गर्भवती महिलाहरू, घरविहीन तथा अतिविपन्न वर्गलाई बढी असर गर्ने भएकोले यस समूहलाई विशेष सम्बोधन हुने गरी कार्यक्रम सञ्चालन गर्न जिल्लाका स्थानीय तहहरूलाई र विपद पूर्वतयारी खोज तथा उद्धार सँग सम्बन्धित जन चेतनामूलक सामग्रीहरु तयार गरी प्रकाशन तथा प्रशारण गरिदिन जिल्लास्थित सञ्चार माध्यमहरूलाई अनुरोध गर्ने।